लालीगुराँस नगरपालिका

लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः ९ संख्याः ५ मितिः २०८३/०३/३१

भाग -२

लालीगुराँस नगरपालिका, तेह्रथुम

लालीगुराँस नगरपालिकाको अतिरिक्त सिकाई तथा होम ट्युसन सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट पारित मितिः २०८३।०३।०५

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८३।०३।३०

प्रस्तावनाः नेपालको संविधान २०७२ को अनुसूची - ८ अन्तर्गत स्थानीय तहको एकल अधिकारको सूचीमा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिनुका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) खण्ड (ज) को उपखण्ड (१) मा वैकल्पिक र निरन्तर सिकाइ सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्न र नियमन गर्ने काम कर्तव्य र अधिकार स्थानीय तहमा रहेको र नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका बालबालिकाहरुको सिकाइ उपलब्धी अभिवृद्धि गर्न, विद्यालय तथा कक्षा छाड्ने दर न्यूनीकरण गर्न, विशेष अवस्था र आवश्यकता भएका बालबालिकालाई सिकाइको अवसर प्रदान गर्न एवम् विद्यालय समयभन्दा अतिरिक्त समयलाई सिकाइमा सदुपयोग गराउन वाञ्छनीय भएकोले,

लालीगुराँस नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको हो ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम "लालीगुराँस नगरपालिकाको अतिरिक्त सिकाई तथा होम ट्युसन सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले लालीगुराँस नगरपालिका, बसन्तपुर, तेह्रथुम सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले लालीगुराँस नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगर सभा" भन्नाले लालीगुराँस नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(घ) "होम ट्युशन कक्षा" भन्नाले विद्यालयमा सञ्चालन हुने अतिरिक्त सिकाइ कक्षामा सहभागी हुन नसक्ने लालीगुराँस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा अध्ययनरत एवम् शारीरिक तथा मानसिक अस्वस्थताका कारण विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाहरुलाई घर वा घरपायक स्थानमा एक्लै वा समूह बनाई सिकाइ सुधारका निमित सञ्चालन हुने अतिरिक्त कक्षा सम्झनु पर्छ।

(ङ) "अतिरिक्त सिकाइ कक्षा" भन्नाले लालीगुराँस नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि विद्यालय समयभन्दा अलग समयमा प्रमुख विषयहरुमा विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार ल्याउन विद्यालयद्धारा सञ्चालन हुने अतिरिक्त वा थप कक्षा सम्झनुपर्छ ।सो शब्दले विशेष अवस्था र आवश्यकता भएका

बालबालिकाको लागि सञ्चालन गरिने सिकाई क्रियाकलापलाई समेत जनाउँदछ।

(च) "सहजकर्ता" भन्नाले अतिरिक्त सिकाइ वा होम ट्युशन कक्षामा सिकाइ सहजीकरण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले होम ट्युशन वा अतिरिक्त सिकाइ कक्षाका सहजकर्ता छनौट गरी सिफारिस गर्न गठित समिति सम्झनुपर्छ ।

(ज) "सहजकर्ता छनौट समिति" भन्नाले अतिरिक्त सिकाइ तथा होम ट्युशन कक्षा सञ्चालनका लागि आवश्यक सहजकर्ता छनौट गर्न विद्यालयमा गठित समित सम्झनुपर्छ।

३. **<u>कार्यविधिको उद्देश्यः</u>** यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

(क) नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धी स्तर वृद्धि गर्नु।

(ख) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत वृद्धि गर्नु।

(ग) गणित, विज्ञान तथा अंग्रेजी आदि जस्ता विषयहरुको विषयगत शिक्षकको अभाव तथा अस्थिरताले विद्यार्थीहरुको सिकाइमा पुऱ्याउन सक्ने असर न्यूनीकरण गर्नु।

(घ) विद्यालय तहको शिक्षा पूरा गरी उच्च शिक्षा अध्ययनका लागि बालबालिकाहरुलाई तयार गर्न सघाउ पुऱ्याउनु ।

(ङ) विविध कारणले विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाहरुलाई सिकाई हासिल गर्ने अवसर प्रदान गर्नु।

परिच्छेद -२

कक्षा सञ्चालन, कोटा निर्धारण र समय निर्धारण

४. **<u>अतिरिक्त सिकाइ तथा होम ट्युशन कक्षा सञ्चालनको लागि निवेदन दिनुपर्नेः</u>** (१) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अतिरिक्त सिकाइ कक्षा तथा होम ट्युसन सञ्चालनसम्बन्धि नीतिगत व्यवस्था एवम् अनुमति प्रदान गर्ने लगायतका आवश्यक निर्णय गर्नका लागि नगरपालिकामा देहायबमोजिमको एक समिति गठन हुनेछः

क) नगर प्रमुख वा निजले तोकेको वडाध्यक्ष -अध्यक्ष

ख) नगरप्रमुखले तोकेको एक जना कार्यपालिका सदस्य -सदस्य

ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) नगरपालिका क्षेत्रभित्रका कुनै पनि सामुदायिक विद्यालयले कक्षा ६ देखि १२ सम्मका विद्यार्थीको लागि यस कार्यविधि बमोजिम अतिरिक्त सिकाइ वा होम ट्युशन कक्षा सञ्चालन गर्नका लागि समितिमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्ताबना तयार गरी उपदफा १ बमोजिमको समिति समक्ष निवेदन पेश गर्नुपर्नेछ। तर विद्यालय शिक्षामा बञ्चितिमा परेका बालबालिकाहरुले वडाको सिफारिस सहित समितिमा सोझै निवेदन पेश गर्नुपर्नेछ।

(३) समितिले प्राप्त निवेदन उपर अध्ययन गरी अतिरिक्त सिकाइ कक्षा तथा होम ट्युशन कक्षा सञ्चालनको अनुमति दिन सक्नेछ। त्यस्तो अनुमति प्रदान गर्नका लागि उपदफा १ बमोजिमको समितिले निम्न पक्षलाई विशेष ध्यान दिनुपर्नेछः

(क) विद्यार्थीको विषयगत रुपमा शैक्षिक स्तर,
(ख) विद्यार्थीको आर्थिक स्थिति,
(ग) विद्यार्थीको शारीरिक एवम् मानसिक अवस्था,
(घ) सामाजिक पछौटेपन एवम् सीमान्तीकरणको स्थिति,
(ङ) अभिभावकविहीनताको अवस्था,
(च) शैक्षिक जोखिममा रहेको अवस्था,
(छ) सिकाइ प्रति विद्यार्थिको प्रतिबद्धता,
(ज) विद्यालयमा शिक्षक-विद्यार्थीबीको अनुपातको अवस्था,
(झ) शिक्षण सिकाइ क्रियाकलापमा विद्यालयको प्रतिबद्धता,
(ञ) सम्बन्धित वडाको सिफारिस।

५. **<u>अतिरिक्त सिकाइ तथा ट्युशन कक्षाको लागि कक्षा सञ्चालन तथा कोटा निर्धारणः</u>**
(१) विद्यालयहरुले कक्षा ६ देखी १२ सम्मका लागि छुट्टाछुटटै कक्षा र विषयको छुट्टाछुट्टै समयमा अतिरिक्त सिकाइ कक्षा सञ्चालन गर्नुपर्नेछ । विद्यालयले आवश्यकता अनुसार एउटा कक्षा र विषयमा कम्तीमा १० (दश) जना र बढीमा ४० (चालिस) जनासम्म विद्यार्थीहरु समावेश गर्नुपर्नेछ ।तर विशेष अवस्थामा एक भन्दा बढी विषयमा सिकाइ हुने गरी एकै जना बालबालिका लागि मात्रै पनि होम ट्युशन कक्षा सञ्चालन गर्न बाधा पर्ने छैन।

६. **<u>अतिरिक्त सिकाइ तथा ट्युशन कक्षाको समय निर्धारणः</u>** (१) विद्यालयले मुख्य मुख्य विषयहरु समावेश हुने गरी अतिरिक्त सिकाइ तथा ट्युशन कक्षा विद्यालयको नियमित कक्षा समयभन्दा अतिरिक्त समयमा सञ्चालन गर्नुपर्नेछ।त्यस्तो कक्षाको समयावधि बिहान वा बेलुका दैनिक दुई घण्टाका दरले बढीमा ३ (तीन) महिनाको हुनेछ ।तर विशेष अवस्थाका बालबालिकाको लागि यो व्यवस्था लागु हुने छैन।

परिच्छेद - ३

सहजकर्ता नियुक्ति तथा परिचालन

७. **<u>सहजकर्ता नियुक्ति तथा परिचालनः</u>** (१) अतिरिक्त सिकाइ तथा ट्युशन कक्षा सञ्चालन गर्न समितिबाट अनुमति प्राप्त भए पश्चात्त विद्यालयहरुले सम्भव भएसम्म सोही विद्यालयमा कार्यरत शिक्षकहरुलाई नै सहजकर्ताको रुपमा परिचालन गर्नुपर्नेछ।यसरी परिचालन गरिएको सहजकर्तालाई सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले करार सम्झौता गरी जिम्मेवारी तोक्नेछ । साथै विद्यालयले एक हप्ताभित्र सोको जानकारी नगरपालिकामा गराउनुपर्नेछ । त्यस्तो सिकाइ सहजकर्ता छनौटका लागि सम्बन्धित विद्यालयका तपसिलको सदस्यहरु रहने गरी एक सहजकर्ता छनौट समिति रहनेछ ।

क) संयोजक — विद्यालय व्यवस्थापन समितिको अध्यक्ष

ख) सदस्य — सम्बन्धित विषयगत शिक्षक

ग) सदस्य सचिव — प्रधानाध्यापक

(२) सम्बन्धित विद्यालयको शिक्षकले कक्षा सञ्चालन गर्न नसक्ने भएमा तोकिएको तह र विषयका लागि तोकिएको न्यूनतम योग्यता भएका नेपाली नागरिकलाई सहजकर्ता छनौट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले करार सम्झौता गरी जिम्मेवारी तोक्न सक्नेछ।

(३) सहजकर्ता छनौट समितिको अनुमति लिएर सम्बन्धित विद्यालय व्यवस्थापन समितिले आवश्यकता अनुसार सहजकर्ता हेरफेर समेत गर्न सक्नेछ ।विद्यालयले सहजकर्ता हेरफेरको जानकारी ७ (सात) दिन भित्र नगरपालिकामा दिनुपर्नेछ।

(४) विद्यालय शिक्षाबाट बञ्चितिमा परेका बालबालिकाको हकमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण गरेका व्यक्तिलाई वडाको सिफारिसमा सिकाइ सहजकर्ताको रुपमा जिम्मेवारी तोक्न सकिनेछ।

परिच्छेद - ४

सहजकर्ताको सेवा सुविधा र बजेट व्यवस्थापन

८. **सहजकर्ताको पारिश्रमिकः** (१) अतिरिक्त सिकाइ तथा होम ट्युशन कक्षा सञ्चालन गर्ने सहजकर्तालाई कक्षा सञ्चालन भएको दिनको रु.५००/-(अक्षेरेपी पाँच सय रुपैंया मात्र) दरले प्रोत्साहन रकम नगरपालिकाको सम्बन्धित बजेट शीर्षकबाट विद्यालयमार्फत उपलब्ध गराइनेछ।

(२) यस कार्यविधि बमोजिम सञ्चचालित अतिरिक्त सिकाइ तथा ट्युशन कक्षा बापत विद्यालय र सहजकर्ताले विद्यार्थी वा अभिभावकबाट कुनै शुल्क असुल गर्न पाउने छैन ।

परिच्छेद - ५

अनुगमन, मूल्याङकन तथा प्रतिवेदन

९. **अनुगमन तथा मूल्याङ्कनः** (१) विद्यालयमा अतिरिक्त सिकाइ तथा ट्युशन कक्षा नियमित रुपमा सञ्चालन भए नभएको अनुगमन गर्ने दायित्व शिक्षा शाखा तथा सम्बन्धित विद्यालको हुनेछ ।

(२) विद्यालयले अतिरिक्त सिकाइ तथा होम ट्युशन कक्षाको अनुमगन गरी यसको अनुसूची१ र २ को ढाचाँमा विद्यार्थी र सहजकर्ताको हाजिरी विवरण तथा नियमितता, प्रभावकारिता र विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार भए नभएको मूल्याङ्कन गरी अनुसूची३ को ढाँचामा अतिरिक्त सिकाई सम्बन्धि मासिक प्रतिवेदन र अनुसूची४ को ढाचाँमा होम ट्युशन सम्बन्धी मासिक प्रतिवेदन नगरपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।तर विद्यार्थी विद्यालय शिक्षा बाहिरको भएमा अविभावक र सम्बन्धित वडाले संयुक्त रुपमा अनुसूची (५) को ढाचाँमा सिकाइ प्रतिवेदन पेश गर्नुपर्नेछ।

१०. **विवधः** (१) यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित कानुन अनुसार हुनेछन्।

(२) कार्यविधि संशोधन वा हेरफेर गर्ने अधिकार लालीगुराँस नगरपालिकाको नगर कार्यपालिकामा रहनेछ।

(३) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

(४) यो कार्यविधि जारी हुनु भन्दा अगाडी अतिरिक्त सिकाइ तथा होम ट्युशन कक्षा व्यवस्थापन सम्बन्धी भएका कार्यहरु यसै बमोजिम भएको मानिनेछ।

अनुसूची-१

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

अतिरिक्त सिकाइ तथा ट्युशन कक्षामा विद्यार्थी उपस्थिति विवरण

विद्यालयको नामः

सहजकर्ताको नामः

सहजीकरण गरिएको विषयः

जम्मा सहभागी विद्यार्थी संख्याः

क्र. सं.	विद्यार्थीको नाम	विद्यार्थीको हस्ताक्षर								विद्यार्थीको हस्ताक्षर	जम्मा उपस्थिति दिन
		मिति	मिति	मिति	मिति	मिति	मिति	मिति	मिति		
१.											
२.											
३.											
४.											
५.											

माथि उल्लिखित सम्पूर्ण विवरण ठीक/साँचो छन् ।

सहजकर्ताको नामः	प्रधानाध्यापकको नामः	विद्यालय व्यवस्थापन समितिको अध्यक्षको नामः
हस्ताक्षरः	हस्ताक्षरः	हस्ताक्षरः
मितिः	मितिः	मितिः

अनुसूची -२

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

अतिरिक्त सिकाइ तथा ट्युशन कक्षामा सहजकर्ताको उपस्थिति विवरण

विद्यालयको नामः

सहजकर्ताको नामः

सहजीकरण गरिएको कक्षाः

सहजीकरण गरिएको विषयः

जम्मा सहभागी विद्यार्थी संख्याः

क्र.सं.	विद्यार्थीको नाम	सहजकर्ताको हस्ताक्षर								विद्यार्थीको हस्ताक्षर	जम्मा उपस्थिति दिन
		मिति	मिति	मिति	मिति	मिति	मिति	मिति	मिति		
१.											
२.											
३.											
४.											
५.											

माथि उल्लिखित सम्पूर्ण विवरण ठीक/साँचो छन् ।

सहजकर्ताको नामः प्रधानाध्यापकको नामः विद्यालय व्यवस्थापन समितिको अध्यक्षको नामः

हस्ताक्षरः हस्ताक्षरः हस्ताक्षरः

मितिः मितिः मितिः

अनुसूची - ३

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

अतिरिक्त सिकाइ कक्षाको प्रतिवेदन

विद्यालयको नामः

सहजकर्ताको नामः

सञ्चालित कक्षा संख्याः

सिकाउने विषयवस्तु:

क्र.सं.	**सहभागी विद्यार्थीको नाम र कक्षा**	**कैफियत**
	जम्मा सहभागी विद्यार्थी संख्याः	
१	सिकाइको उद्देश्य (किन र कसलाई सिकाइयो)	
२	सिकाइको विषयवस्तु (के कुरा सिकाइयो)	
३	सिकाइ प्रक्रिया/ क्रियाकलाप (कसरी सिकाइयो)	
४	विद्यार्थीको सक्रियता (सिकाइ कार्यमा विद्यार्थीको उत्साह)	
५	मूल्याङ्कन प्रक्रिया (उद्देश्य अनुरुप सिकाइ भयो भएन भनी कसरी परीक्षण गरियो)	
६	सिकाइ पश्चात्त विद्यार्थीको प्रतिक्रिया र प्राप्त सिकाइ उपलब्धि (सिकाइ पश्चात्त विद्यार्थीमा के परिवर्तन पाइयो)	

माथि उल्लिखित सम्पूर्ण विवरण ठीक/साँचो छन् ।

सहजकर्ताको नामः प्रधानाध्यापकको नामः विद्यालय व्यवस्थापन समितिको अध्ययक्षको नामः

हस्ताक्षरः हस्ताक्षरः हस्ताक्षरः

मितिः मितिः मितिः

अनुसूची -४

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

होम ट्युशन कक्षाको प्रतिवेदन

विद्यालयको नाम (विद्यालयमा अध्ययनरत भएमा):

सहजकर्ताको नाम:

सिकाइका विषयवस्तु:

क्र.सं.	सहभागी विद्यार्थीको नाम र कक्षा	कैफियत
	जम्मा सहभागी विद्यार्थी संख्या	
१	सिकाइको उद्देश्य (किन र कसलाई सिकाइयो)	
२	सिकाइको विषयवस्तु (के कुरा सिकाइयो)	
३	सिकाइ प्रक्रिया/ क्रियाकलाप (कसरी सिकाइयो)	
४	विद्यार्थीको सक्रियता (सिकाइ कार्यमा विद्यार्थीको उत्साह)	
५	मूल्याङ्कन प्रक्रिया (उद्देश्य अनुरुप सिकाइ भयो भएन भनी कसरी परीक्षण गरियो)	
६	सिकाइ पश्चात्त विद्यार्थीको प्रतिक्रिया र प्राप्त सिकाइ उपलब्धि (सिकाइ पश्चात्त विद्यार्थीमा के परिवर्तन पाइयो)	

माथि उल्लिखित सम्पूर्ण विवरण ठीक/साँचो छन् ।

सहजकर्ताको नाम: अविभावकको नाम: प्रधानाध्यापकको नाम:

हस्ताक्षर: हस्ताक्षर: हस्ताक्षर:

मिति: मिति: मिति:

अनुसूची - ५

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

होम ट्युशन कक्षाको प्रतिवेदन

विद्यार्थीको नाम, ठेगाना:

सहजकर्ताको नामः

सिकाइका विषयवस्तु:

क्र.सं.	विवरण	कैफियत
१	सिकाइको उद्देश्य (किन र कसलाई सिकाइयो)	
२	सिकाइको विषयवस्तु (के कुरा सिकाइयो)	
३	सिकाइ प्रक्रिया/ क्रियाकलाप (कसरी सिकाइयो)	
४	विद्यार्थीको सक्रियता (सिकाइ कार्यमा विद्यार्थीको उत्साह)	
५	मूल्याङ्कन प्रक्रिया (उद्देश्य अनुरुप सिकाइ भयो भएन भनी कसरी परीक्षण गरियो)	
६	सिकाइ पश्चात्त विद्यार्थीको प्रतिक्रिया र प्राप्त सिकाइ उपलब्धि (सिकाइ पश्चात्त विद्यार्थीमा के परिवर्तन पाइयो)	

माथि उल्लिखित सम्पूर्ण विवरण ठीक/साँचो छन् ।

सहजकर्ताको नामः अविभावकको नामः वडाध्यक्षको नामः

हस्ताक्षरः हस्ताक्षरः हस्ताक्षरः

मितिः मितिः मितिः

आज्ञाले
रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत